# १० ख्रीष्ट, व्यवस्था वा दश आज्ञा र करार अर्थात कबूलहरु

*यस अध्यायका मूल पदहरू:* उत्पत्ति ९:१२१७, उत्पत्ति १७:२१२, गलाती ३:१५२८, व्यवस्था ९:९, हिब्रू १०:१११८ र हिब्रू ९:१५-२८।

*स्मरण गर्नुपर्ने पदः* "त्यसैकारण येशू नयाँ करार अर्थात् सम्झौताको मध्यस्थकर्ता हुनुभएको छ। अब जसलाई परमेश्वरले आफूतिर बोलाउनुहुन्छ उसले उहाँले प्रतिज्ञा गर्नुभएको अनन्त जीवन पाउनेछ। ख्रीष्ट तिनीहरूको निम्ति मर्नुभएकै कारणले त्यो अनन्त जीवन अहिले नै तिनीहरूले पाउने छ। पहिलो करार अर्थात् सम्झौताको मुनी रहेर पाप गर्नेहरूलाई त्यस पापबाट स्वतन्त्र बनाउन उहाँ मर्नुभएको थियो" (हिब्रू ९:१५ रूपान्तरित)।

विभिन्न करार वा सम्झौताहरू गर्दै मानिसहरूलाई पापबाट मुक्त गरेर अनन्त जीवन दिने सनातन निर्णय परमेश्वरले गर्नुभएको विषय हामी मानव इतिहासभरी पाउँछौं। परमेश्वरले मानिससँग गर्नुभएको धेरै सम्झौता वा कराहरू बाइबलमा उल्लेख गरिएका छन् (रोमी ९:४, गलाती ४:२४, एफिसी २:१२)। तर ती करारहरूको निचोड अनुग्रहको करार हो। धर्मकर्म, उपकारिय काम गरेर वा साधु महात्मा आदि बनेर वा दानी भएर पापीहरूले मोक्ष वा अनन्त जीवन जुन्, वर्तमान जीवनबाट सुरू हुन्छ, आदि केही गरेर आर्जन गर्न सकिन्दैन तर परमेश्वरको अनुग्रहले मात्र पाउँछ भन्ने कबूल अनुग्रहको करारमा पाइन्छ। येशूमा परम आस्था वा विश्वास राख्दै उहाँको बलिदानले मात्र मुक्ति पाइन्छ भन्ने आत्मसात् गर्ने जोसुकैलाई पनि मोक्ष वा मुक्ति पाउन सम्भव गराइएको छ। तर धेरै करार वा सम्झौताहरू किन भयो त? विभिन्न समयमा र विभिन्न परिस्थितिमा मानिसहरूको आवश्यकतालाई ध्यान दिंदै परमेश्वरले आफ्ना कबूलका शब्दहरू फेर्नुभएको हो। तर यथार्थमा ती सबै सम्झौताहरूको मूल सम्झौता वा करार सदासर्वदा एकै हुन्। त्यो करार हो, परमेश्वरले मानिसहरूलाई अनन्त जीवन दिने अनुग्रहको सनातन करार।

त्यस करारको मुटु नै परमेश्वरले हामीलाई देखाउनुभएको प्रेमको निष्ठा। सारा करारको बराबरीमा परमेश्वरको प्रेम उज्ज्वल भएर चम्किएको आभास बाइबलले दिन्छ (व्यवस्था ७:९, १ राजा ८:२३, दानिएल ९:४)। आफ्ना जनहरूलाई विधिको शासनमा बस्दै उहाँको व्यवस्थालाई पालन गर्ने आग्रह त्यस करारको अंश हो। तर मोक्ष वा मुक्ति प्राप्त गर्न परमेश्वरको व्यवस्था पालन गर्ने होइन तर मुक्तिलाई ग्रहण गरेकै कारणले परमेश्वरको विधिको शासनमा बस्न रूचाउने मनस्थिति येशूभक्तको हुनजान्छ। सधैं व्यवस्था र अनुग्रह दुवै परमेश्वरको सनातन करारका प्रमूख भागहरू भएर प्रस्तुत गरिएका छन् ।

## १. सम्झौता हस्ताक्षर हुन्छ (उत्पत्ति ९:१२१७)

कुनै कुरामा दुई समूह वा व्यक्तिहरूको बीचमा सहमति भएको छ भने त्यसलाई सम्झौता वा करार भनिन्छ। दुवै व्यक्ति वा समूहमा भएका कबूलहरूको आधारमा सम्झौता हुन्छ। सम्झौता वा करार दुईमा एक तरिकाले प्रयोग हुन सक्छ। पहिलोमा दुवै समूह वा व्यक्तिहरूको बीचमा मिलोमत्तो हुन्छ र एक आपसमा सम्बन्ध सुमधुर राख्ने कबूल गरिएको हुन्छ। यो कदम विवाह, व्यापार र अचल सम्पत्तिको कारोबारमा लागु हुन्छ। अर्कोमा एक पक्षले कबूल गर्दै, त्यो कबूल पूरा गर्न आवश्यकताहरू प्रस्तुत गर्दछ। र अर्को पक्षलाई त्यसमा सहभागी हुन निम्त्याइएको हुन्छ। उदाहरणमा आमन्त्रित गरिएको कर तिर्न, कुनै विश्वविद्यालय वा कलेजमा भर्ना हुन जान्दा सम्झौता गरिने कदम हो। दुवै उदाहरणमा देखाएको अनुसार कुनै पनि पक्षले आपसमा भएको सम्झौतालाई रद्द गर्न सकिन्छ। तर एक्लैको चाहनामा भएको त्यस सम्झौता रद्द भयो भने त्यसले नकारात्मक नतिजा ल्याउन सक्छ। (जमानीमा बसेर घर किन्दा त्यो जमानी तिर्न सकेन भने आफ्नो घर गुम्न सकिन्छ। यदि नागरिकले तिर्नुपर्न कर तिरेनन् भने कानून बमोजिम उसको कार्यवाही हुनसक्छ)।

कमसेकम एउटा चिन्हले लालमोहर लगाएर सम्झौता सम्पन्न हुनसक्छ। घर किन्न कर्जा लिने मानिसले कर्जा दिने व्यक्ति वा संस्थाको कागजको विभिन्न ठाउँहरूमा सही गर्नुपर्ने हुन्छ। त्यो सही गरेको सक्कल कागज कर्जा दिने व्यक्ति वा संस्थासँग हुन्छ। जब पूरा

ऋण तिरी सक्छ तब त्यो सक्कल कागज कर्जा लिनेलाई फर्काउन सक्छ। विवाह गर्ने दम्पत्तिलाई सरकारले विवाह दर्ताको प्रमाणपत्र दिएको हुन्छ। कागज वा सही आफै सम्झौता होइन तर सम्झौतामा आफ्नो जिम्मेवारी देखाएको प्रतिक हो।

प्रतिक र सम्झौता वा करारको बीचमा के फरक छन् र गरिएका दुई करार वा सम्झौताहरूको बीचमा के भिन्नता छ भनेर देहायका पदहरू पढ्नुहोस्ः उत्पत्ति ९ः१२१७ "अनि परमेश्‍वरले भन्नुभयो, "जुन करार मेरो र तिमीहरू र तिमीहरूका साथमा भएको हरेक जीवित प्राणीको बीचमा सबै पुस्तौंसम्मको निम्ति म ठहराउँदैछु, त्यसको चिन्ह यही हुन्छ। १३ म बादलमा मेरो इन्द्रेनी राख्तछु, र मेरो र पृथ्वीको बीचमा त्यो एउटा करारको चिन्ह हुनेछ। १४ जहिले-जहिले म पृथ्वीमा बादल फिँजाउँछु र बादलमा इन्द्रेनी देखा पर्छ, १५ मेरो र तिमीहरू अनि हरेक किसिमको जीवित प्राणीको बीचमा रहेको मेरो करार म सम्झनेछु। पानीले फेरि कहिल्यै सबै प्राणीलाई नाश गर्ने प्रलय ल्याउनेछैन। १६ जुन बेला बादलमा इन्द्रेनी देखा पर्छ, म त्यो हेरेर यो सधैंको करारलाई सम्झनेछु, जो परमेश्‍वर र पृथ्वीका सबै जीवित-जीवातसँग बाँधिएको छ।" १७ यसरी परमेश्‍वरले नोआलाई भन्नुभयो, "मैले पृथ्वीका सारा प्राणी र मेरो बीचमा बाँधेको करारको चिन्ह यही हो।" र उत्पत्ति १७ः११४ "जब अब्राम उनान्सय वर्षका भए तब परमप्रभु अब्रामकहाँ देखा पर्नुभयो, र तिनलाई भन्नुभयो, "म सर्वशक्तिमान् परमेश्‍वर हुँ। मेरो सामु हिँड्, र निर्दोष भएर बस्। २ मेरो र तिम्रो बीचमा म आफ्नो करार पक्का गर्नेछु, र म तिम्रो अत्यन्तै वृद्धि गराउनेछु।" ३ तब अब्राम घोप्टो परे, र परमेश्‍वरले तिनलाई यसो भन्नुभयो, ४ "हेर्, यो मेरो करार तिमीसँगै छ।तिमी असंख्य जाति-समूहको पिता हुनेछौ। ५ अब उप्रान्त तिम्रो नाउँ अब्राम हुनेछैन, तर अब्राहाम हुनेछ, किनकि मैले तिमीलाई असंख्य जातिसमूहको पिता तुल्याएको छु। ६ म तिमीलाई अत्यन्तै फल्दो-फुल्दो तुल्याउनेछु, र तिमीबाट धेरै जातिहरू बनाउनेछु। तिमीबाट राजाहरू उत्पन्न हुनेछन्। ७ तिमी र तिम्रो पछिका तिम्रो सन्तानका परमेश्‍वर हुनलाई मेरो करार मेरो र तिम्रो र तिमीपछिका तिम्रा सन्तानहरूका बीचमा युग-युगसम्म स्थापित गर्नेछु। ८ तिमीले प्रवास गरेको यो देश, अर्थात् सारा कनान

देश तिम्रो र तिम्रा भावी सन्तानलाई अनन्त अधिकारको निम्ति दिनेछु, र म तिनीहरूका परमेश्वर हुनेछु।" ९ अनि परमेश्वरले अब्राहामलाई भन्नुभयो, "तिमीलेचाहिँ मेरो करार पालन गर्नुपर्छ, तिमी र तिमीपछिका तिम्रा सन्तानहरूले तिनका पुस्तौँसम्म। १० मेरो र तिम्रो, र तिमीपछिका तिम्रा सन्तानहरूका बीचमा भएको तिमीहरूले पालन गर्नुपर्ने मेरो करार यही होः तिमीहरूमध्येको हरेक पुरुष-जातिको खतना हुनुपर्छ। ११ तिमीहरूको आफ्नो खलड़ीको खतना हुनुपर्छ। मेरो र तिमीहरूका बीचमा भएको करारको चिन्ह यही हुनेछ। १२ तिमीहरूका पुस्तौँसम्म तिमीहरूमा हरेक पुरुष आठ दिनको हुने बित्तिकै त्यसको खतना गरिओस्, र साथै तिनीहरूको पनि, जो तिमीहरूका सन्तान होइनन्, चाहे घरमा जन्मेको होस् अथवा कुनै विदेशीबाट दाम हालेर किनेको होस्। १३ चाहे तिम्रो घरमा जन्मेको होस् वा दाम हालेर किनेको होस् जसको खलड़ीको खतना भएको छैन, त्यसको खतना हुनैपर्छ। यसरी मेरो करार तिमीहरूको शरीरमा पछि परन्तुसम्म हुनेछ। १४ खतना नगरिएको जुनसुकै पुरुष-जाति जसको खलड़ीको खतना भएको छैन, त्यो मानिस आफ्नो जातिबाट बहिष्कार गरिनेछ। त्यसले मेरो करार भङ्ग गर्छ।"

आफूले यस संसारलाई जलमग्न पारेर फेरि कहिलैपनि नाश गर्ने छैन भनेर परमेश्वर आफैबाट नोहालाई कबूल गर्नुहुन्छ भनेर उत्पत्ति ९:९ले बताउँदछ। जबजब इन्द्रेणी आकाशमा देखा पर्छ तबतब सबै मानिसहरूले परमेश्वरको कबूललाई सम्झनुपर्दछ। खतना वा नसछेद्धन **गर्ने चिन्हको पनि तिम्रो** उद्देष्य त्यही हो। आफू रहेको राष्ट्रलाई आशिष दिलाउन परमेश्वरको जनको कर्तव्य के हो भनेर प्रत्येक यहूदी पुरुषलाई याद गराउन खतना गरिएको हो। इन्द्रेणीको कबूल संसारका सबै मानिसहरूसँग परमेश्वरले गर्नुभएको कबूल हो भने खतनाको चाहिँ केवल यहूदी वा इस्राएल देशका बासिन्दाहरूलाई मात्र गरिएको थियो। जुन कबूल जलप्रलयपछि मानिसहरूसँग परमेश्वरले गर्नुभएको थियो त्यसमा मानिसले केही गर्नुपर्दैनथ्यो। मानिसले जे गरोस् वा नगरोस् कबूलचाहिँ त्यहाँ यथावत थियो। तर खतनाको आदेश दिएको कबूलमा मानिसहरूको पनि आफ्नो सहभागिता थियो।

## २. करारमा उल्लेख गरेका प्रतिज्ञाहरू (गलाती ३:१५-२८)

कुनै पनि करार वा सम्झौताहरू प्रतिज्ञा वा कबूलमा आधारित हुन्छ। जब करार हुन्छ तब त्यस करारलाई पालन गर्न करार गर्ने व्यक्ति वा समूहबाट अपेक्षा गरिएको हुन्छ।

पुरानो करारको समयमा कुनै करार वा सम्झौताहरू स्थानिय स्थान वा सिमित कारोबारमा मात्र लागु हुन्थ्यो। जस्तै उदाहरणमा याकूब र उनको काका लेबानको बीचमा भएको करार थियो (उत्पत्ति ३१:४३-५४)। दुई समूह र वा दुई ब्यक्तिहरूको बीचमा कारोबारको निम्ति सम्झौता वा करार बाँधिन्छ भन्ने उदाहरण याकूब र लेबानको बीचमा भएको करारले देखाउँछ। त्यसबेला मिजपाह भन्ने ठाउँमा तिनीहरूले ढुङ्गाका थुपारेर स्तम्भ निर्माण गरेको थियो। त्यस स्तम्भले याकूब र लेबानको बीचमा भएको करारलाई याद दिलाउँछ। जब दुई मानिसको बीचमा व्यक्तिगत करार बाँधिन्छ र ती दुई मध्ये एक जनाको देहान्त भयो भने त्यो करारको कुनै अर्थ हुँदैन वा त्यस करारको प्रभाव हुँदैन। मानिस मानिसको बीचमा भएको सम्झौता वा करार परमेश्वरले अब्राहम र नोहासँग बाँध्नुभएको थिएन किनभने उहाँले एकतर्फि प्रस्तुत गर्नुभएको करार सदाको निम्ति रहिरहन्छ।

**अब्राहमसँग परमेश्वरले गर्नुभएको करार कतिको फराकिलो छ भनेर गलाती ३:१५-२८ले कसरी देखाउँछ, हेर्नुहोस्: "१५ भाइ हो, प्रतिदिनको जीवनबाट एउटा उदाहरण लिऔं, एक चोटि पक्का भइसकेपछि मानिसले बनाएको इच्छापत्र कसैले रद्द गर्न सक्दैन, न त त्यसमा केही थप्न सक्छ। १६ प्रतिज्ञाहरू अब्राहाम र उनको सन्तानलाई दिइएका थिए। धर्मशास्त्रले "सन्तानहरूलाई" भन्दैन, यसले त धेरै मानिसहरूको सङ्केत दिन्छ। तर धर्मशास्त्रले "तिम्रो सन्तानलाई" भन्छ, यसले एक जना मानिसको मात्र सङ्केत दिन्छ, जो ख्रीष्ट हुनुहुन्छ। १७ मेरो भनाइको अर्थ यो हो, कि चार सय तीस वर्षपछि आएको व्यवस्थाले त्यसभन्दा अघि परमेश्वरले पक्का गर्नुभएको करारलाई काट्दैन, नत्रता प्रतिज्ञा रद्द भइजानेथियो। १८ किनकि उत्तराधिकार व्यवस्थाद्वारा पाइने हो भने प्रतिज्ञाद्वारा पाइने कुरै आउँदैन। तर परमेश्वरले प्रतिज्ञाद्वारा नै अब्राहामलाई यो दिनुभयो। १९ तब व्यवस्थाको आवश्यकता किन पर्‍यो त? जुन सन्तानलाई प्रतिज्ञा भएको**

थियो, ऊ नआउञ्जेल अपराधको कारणले व्यवस्था थपियो। अनि एक
जना मध्यस्थले स्वर्गदूतहरूद्वारा व्यवस्थाको स्थापना गऱ्यो। २०
एउटैको मात्र मध्यस्थ हुँदैन, तर परमेश्वर एउटै हुनुहुन्छ। २१ तब के
व्यवस्था परमेश्वरका प्रतिज्ञाहरूका विरुद्ध छ र? कदापि छैन। यदि
जीवित पार्न सक्ने व्यवस्था दिइएको भए, धार्मिकता साँच्चै व्यवस्थाबाट
हुनेथियो। २२ तर धर्मशास्त्रले बताउँछ, कि सबै कुरा पापको कैदमा छ,
ताकि जुन प्रतिज्ञा येशू ख्रीष्टमाथि विश्वासद्वारा दिइएको थियो, त्यो
विश्वास गर्नेहरूलाई दिइओस्। २३ तर विश्वास आउन अघि हामी
व्यवस्थाको वशमा थियौं, र विश्वास प्रकट नभएसम्म हामी थुनिएका
थियौं। २४ विश्वासद्वारा हामी धर्मी ठहरिन सकौं भनेर व्यवस्थालाई
हाम्रो संरक्षक भई हामीलाई ख्रीष्टसम्म डोऱ्याउने जिम्मा दिइयो। २५
तर अब विश्वास आएको हुनाले अब उप्रान्त हामी संरक्षकको अधीनमा
छैनौं। २६ किनकि विश्वासद्वारा तिमीहरू सबै ख्रीष्ट येशूमा परमेश्वरका
सन्तान हौ। २७ किनकि तिमीहरूमध्ये जतिको ख्रीष्टमा बप्तिस्मा भयो,
तिमीहरू सबैले ख्रीष्टलाई धारण गरेका छौ। २८ अब न त यहूदी छ न
ग्रीक, न कमारा छ न फुक्का, न त पुरुष न स्त्री छ, किनभने ख्रीष्ट
येशूमा तिमीहरू सबै एउटै हौ। २९ यदि तिमीहरू ख्रीष्टका हौ भनेता
तिमीहरू अब्राहामका सन्तान हौ, र प्रतिज्ञाबमोजिम उत्तराधिकारीहरू
हौ।"

परमेश्वरले धेरै विश्वव्यापी करारहरू बाँध्नुभएको थियो भनेर बाइबलमा जततते लेखिएको छ। ती करारहरूमा परमेश्वरले सबै जनाको निम्ति कबूलहरू गर्नुभएको थियो। कुनै स्थानिय स्तरमा मात्र होइन विश्वव्यापी रूपमै सारा पृथ्वी जलप्रलयले नाश भएको थियो भनेर परमेश्वरलाई थाहा थियो। त्यसकारण विश्वव्यापी रूपमै सारा सृष्टि फेरि जलमग्न हुन्दैन भनेर उहाँले कबूल गर्नुभएको थियो। अब्राहमको मामिलामा परमेश्वरलाई थाहा थियो कि मानिसहरू धर्मी वा पवित्र जीवन यापन गर्नु आवश्यक छ। त्यसकारण अब्राहमकै वंशबाट सारा संसारमा उहाँले आशिष दिनुहुनेछ भनेर उहाँले कबूल गर्नुभएको थियो (उत्पत्ति २२:१८)।

यहूदी जाति वा इस्राएलीहरूसँग परमेश्वरले सीनैको पहाडमा करार बाँध्नुभएको थियो। तर त्यो करार केवल त्यस जातिमामात्र

सिमित रहेको थिएन। सारा संसारले त्यस करारको उपभोग गर्न सकिन्थ्यो। कुनै पनि गैर-यहूदी वा विदेशी मानिस पनि उहाँको चुनिएको जनभित्र रहन सकिन्छ भनेर परमेश्वरले स्पष्ट पार्नुभएको थियो (उदाहरणमा प्रस्थान १२:३८,४९)। सारा संसारको ज्योति बनाउने लक्ष्य लिएर इस्राएल देशको स्थापना भएको थियो (प्रस्थान १९:५,६)।

**के तपाईं र परमेश्वरको बीचमा करार बाँध्नुभएको छ? त्यो करार तपाईंले कसरी बुझ्नुभएको छ? परमेश्वरले तपाईंलाई के कबूल गर्नुभएको छ? त्यस कबूल बापत तपाईंबाट उहाँले के अपेक्षा गर्नुभएको छ?**

## ३. करारको पाटी (यर्मिया ३१:३१-३४)

कबूलको आधारमा करारनामा लेखिन्छ। तर कबूल पूरा गर्नु पहिले केही नीति वा आवश्यकताहरू प्रायजसो पूरा गर्नुपर्छ। अब्राहमसँग बाँधिएको करारमा उनका र उनका पछिका वंशका पुरुष सन्तानहरूले खतना गर्नुपर्छ भन्ने नीति तय गरिएको थियो। जब परमेश्वरले यहूदी वा इस्राएलीहरूलाई सीनैको पहाडमा विशेष करार बाँध्नु भएको थियो त्यो करार ढुङ्गाको पाटीमा आफैले लेख्नुभएको थियो। त्यस करारमा परमेश्वर र मानिसको बीचमा कस्तो सम्बन्ध हुनुपर्छ र मानिस र मानिसको बीचमा कस्तो सम्बन्ध हुनुपर्छ भन्ने नीति वा आचारसंहिता लेखिएको थियो (व्यवस्था ९:८-११)। त्यो पाटीमा लेखिएको करारलाई दश आज्ञा भनिन्छ। त्यो दश आज्ञा केवल यहूदी जातिलाई मात्र थिएन तर सम्पूर्ण मानव जगतको निम्ति सनातन वा सदासर्वदा रहिरहने परमेश्वरको नीति थियो।

दश आज्ञाहरूलाई परमेश्वरको "करारको शिलापत्र" भनेर प्रायजसो सम्बोधन गरिएको छ (व्यवस्था ९:९ रूपान्तरित)। परमेश्वरको दायरामा बस्ने वा उहाँको करारमा हिँड्नेहरूको जीवन कठिन बनाउन ती दश आज्ञाहरू दिइएको थिएन। तर परमेश्वरको प्रेम झल्काउन ती दश आज्ञाहरू मानिसलाई दिएको थियो। ती आज्ञाहरूमा परमेश्वरको अतुलनीय प्रेम देखाउँछ। जो मानिसहरू परमेश्वरसँग करार बाँधेर उहाँसँग सम्बन्ध गाँस्न चाहन्छन् तिनीहरूको निम्ति दश आज्ञाहरू उपयोगीमूलक छन्।

विधिको शासनको निम्ति तर्जुमा गरिएको परमेश्वरको व्यवस्था पुरानो करार जत्तिकै नयाँ करारमा पनि उत्तिकै निरन्तरता पाएको छ भनेर देहायका पदहरूले कसरी देखाउँदछन्, हेर्नुहोस्ः यर्मिया ३१ः३४ “१ परमप्रभु भन्नुहुन्छ, "ती दिन आउनेछन्,जब इस्राएलको घरानासँग र यहूदाको घरानासँग म एउटा नयाँ करार स्थापना गर्नेछु। ३२ तिनीहरूका पुर्खाहरूसँग मैले बाँधेको करारजस्तै यो हुनेछैन, जब मैले तिनीहरूलाई हातमा समातेर मिश्रदेशबाट डोऱ्याएर ल्याएको थिएँ।" परमप्रभु भन्नुहुन्छ, "तिनीहरूले मेरो करार भङ्ग गरे, यद्यपि म तिनीहरूका पिता थिएँ।" ३३ परमप्रभु भन्नुहुन्छ, "ती दिनपछि म इस्राएलको घरानासँग यो करार बाँध्नेछु, तिनीहरूका मनमा मेरो व्यवस्था राखिदिनेछु, र तिनीहरूका हृदयमा त्यो लेखिदिनेछु, र म तिनीहरूका परमेश्वर हुनेछु, र तिनीहरू मेरा प्रजा हुनेछन्। ३४ "परमप्रभुलाई चिन" भनेर अब उसो कुनै मानिसले आफ्नो छिमेकीलाई वा आफ्ना दाजुभाइलाई सिकाउनेछैन। किनकि सानादेखि लिएर ठूलासम्म तिनीहरू सबैले मलाई चिन्नेछन्," परमप्रभु भन्नुहुन्छ। "किनकि तिनीहरूका अपराधहरू म क्षमा गर्नेछु, र म तिनीहरूका पाप फेरि कहिल्यै सम्झनेछैनँ।" र हिब्रू १०ः११-१८ “११ हरेक पूजाहारी एकै किसिमको बलि बारम्बार चढ़ाउँदै प्रतिदिन सेवामा खड़ा रहन्छ, जुन बलिले कहिल्यै पाप हरण गर्न सक्दैन। १२ तर ख्रीष्टले त पापहरूका निम्ति सदाको लागि एउटै बलिदान चढ़ाउनुभयो, अनि उहाँ परमेश्वरको दाहिने बाहुलीतर्फ विराजमान हुनुभयो। १३ र उहाँका शत्रुहरू उहाँको पाउदान नहोउञ्जेल उहाँ पर्खिरहनुहुन्छ। १४ किनकि एउटै बलिद्वारा जो पवित्र तुल्याइँदैछन्, तिनीहरूलाई उहाँले सदाको निम्ति सिद्ध बनाउनुभएको छ। १५ पवित्र आत्माले पनि हामीलाई गवाही दिनुहुन्छ। पहिला उहाँ भन्नुहुन्छ, १६ "ती दिनपछि तिनीहरूसँग बाँध्ने मेरो करार यही हो, परमप्रभु भन्नुहुन्छ, तिनीहरूका हृदयमा म मेरो व्यवस्था राखिदिनेछु, र तिनीहरूका मनमा पनि म त्यो लेखिदिनेछु।" १७ तब उहाँ भन्नुहुन्छ, "तिनीहरूका पाप र तिनीहरूका दुष्कर्महरू म फेरि सम्झनेछैनँ।" १८ अब जहाँ यी सबैको क्षमा हुन्छ, त्यहाँ अब फेरि पापको निम्ति कुनै बलि छैन।"

सिनै पहाडमा दिइएको पुरानो करारमा दश आज्ञा पालन गरेर आफूहरू निष्ठामा छौं भनेर देखाउन इस्राएलीहरूलाई जिम्मा लगाइएको थियो। जब परमेश्वरका आज्ञाहरूमा एउटैमात्र आज्ञा भङ्ग गऱ्यो भने तिनीहरूले मन्दिरमा एउटा पशु ल्याएर बलि दिनुपर्दथ्यो। तर त्यो प्रक्रिया तिनीहरूलेमात्र पालन गर्थ्यो जसले आफ्ना पापहरू क्षमा भएको चाहन्थे।

कलवरीको पहाडमा बाँधिएको नयाँ करारमा पनि परमेश्वरका जनहरूले दश आज्ञा पालन गर्न अपेक्षा गरिएको छ। तर जब तिनीहरूले पाप गर्छन् तब तिनीहरूले मन्दिरमा निरन्तररूपमा पशु ल्याएर बलि दिन अपेक्षा गरिएको छैन। येशू ख्रीष्ट पूर्ण र सिद्ध बलि हुनुभएकोले पशुबलिको औचित्य समाप्त भएको थियो (हिब्रू ९:११-१४)। त्यसले गर्दा नयाँ करार पुरानो भन्दा उत्तम छ। किनभने अब हामी विश्वासद्वारा येशूको बलिमा आधारित गरेर हामीहरूले क्षमाको अपेक्षा गर्न सक्दछौं। अब्राहमसँग बाँधिएको करारको अन्तर्गत हामी आयौं भनेमात्र हामीमा आशाको किरण पल्हाउन सक्छ। यो त्यो अनुग्रहको करार हो जुने येशू ख्रीष्टमा विश्वास गरेर हामीले उपभोग गर्न सक्दछौं।"-एलेन जी ह्वाइट, द एसडिए बाइबल कमेन्टरी, ठेली ६, पृ.१०७७बाट रूपान्तरित।

**तपाईंको हृदयमा परमेश्वरको व्यवस्था लेखिनु भनेको अर्थ के हो? आचारसंहिता पालन गर्ने नीति भनेर परमेश्वरको व्यवस्थालाई हेर्नु र उहाँको व्यवस्थामा आत्मसात् गर्नुको बीचमा के भिन्नता छ?**

## ४. करार र सुसमाचार (हिब्रू ९:१५-२२)

**बाइबलमा उल्लेखित** केही करार वा सम्झौताहरू भङ्ग गरियो भने त्यसको नतिजा अत्यन्त नकारात्मक भएको पाइएका छन्। यदि कोही पुरुषको खतना भएन भने चुनिएको जातिबाट त्यस पुरुष अलग गरिने छ भनेर परमेश्वरले अब्राहमलाई आदेश गराउनुभएको थियो (उत्पत्ति १७:१४)। सिनैको पहाडमा दिएका करारमा लिखित नीतिनियमहरू पालन गर्न अस्वीकार गरियो भने कस्ता कस्ता खालका श्रापहरू भोग्नु पर्ने छ भनेर ती श्रापका सूचीहरू लेखिएका थिए (व्यवस्था २७:११-२६)। अन्तमा करारको नीतिहरू भङ्ग गर्ने जो

कोही पनि मृत्युको सजायँ भोगिनु पर्नेछ भनेर पनि लेखिएको छ (इजकिएल १८:४)। नयाँ करारमा दिएको करारको सार पनि त्यही हो। जो मानिस जानाजानी परमेश्वरको दश आज्ञालाई कुल्चिदिन्छ त्यसले अनन्त जीवन हासिल गर्न सक्दैन भनेर पावलले बुझाउन खोजेको पाइन्छ (रोमी ६:२३)।

हिब्रू ९:१५-२८मा सुसमाचारको मर्मलाई कसरी वाख्या गरिएको छ, हेर्नुहोस्: **"यसैकारण उहाँ नयाँ करारका मध्यस्थ हुनुहुन्छ, यस हेतुले कि बोलावट भएकाहरूले प्रतिज्ञा गरिएको अनन्त उत्तराधिकार प्राप्त गरून्, किनकि एक जनाको मृत्युको मोल भइसकेको छ, जसद्वारा पहिलो करारको समयमा भएका अपराधहरूबाट उद्धार पाइन्छ। १६ किनकि जहाँ इच्छापत्रको प्रश्न छ त्यहाँ इच्छापत्र लेख्नेको मृत्यु भएको प्रमाणित हुनुपर्दछ। १७ उसको मृत्यु भएपछि मात्र इच्छापत्र पक्का हुन्छ, किनकि इच्छापत्र दिने बाँचुञ्जेल त्यो पक्का ठहर्दैन। १८ यसकारण पहिलो करार पनि रगतविना पक्का हुन सकेन। १९ जब मोशाले व्यवस्थाको हरेक आज्ञा मानिसहरूलाई सुनाइसके, तब उनले बाछा र बोकाहरूको रगत, पानी, रातो ऊन र हिसपका स्याउलासहित, व्यवस्थाको पुस्तकमाथि र सबै मानिसहरूमाथि छर्के। २० अनि उनले यसो भने, "परमेश्वरले तिमीहरूलाई आज्ञा गर्नुभएको करारको रगत यही हो।" २१ यसै गरी उनले पवित्र वासस्थानमाथि र आराधनामा चलाइने सबै भाँड़ाहरूमाथि त्यसै किसिमले रगत छर्के। २२ वास्तवमा, व्यवस्थाअनुसार रगतले प्रायः सब थोक शुद्ध पार्दछ, र रगत नबगाईकन पापको क्षमा हुनै सक्दैन। २३ यदि स्वर्गीय कुराहरूका नमूनालाई शुद्ध पार्न यी विधिहरू चाहिए भने स्वर्गकै कुराहरूलाई शुद्ध पार्नु त अझ उत्तम बलिको आवश्यकता पऱ्यो। २४ ख्रीष्ट हातले बनाएको पवित्रस्थानभित्र प्रवेश गर्नुभएन, जोचाहिँ साँचो पवित्रस्थानको नकल मात्र हो, तर उहाँ स्वर्गभित्रै प्रवेश गर्नुभयो, र उहाँ हाम्रो पक्षमा परमेश्वरको सामु उपस्थित हुनुभएको छ। २५ येशू आफैलाई बारम्बार बलि चढ़ाउन स्वयम् पस्नुभएको होइन, जसरी प्रधान पूजाहारी सालिन्दा आफ्नै रगत होइन, तर अर्काको रगत लिएर महापवित्र स्थानभित्र प्रवेश गर्ने गर्दछन्। २६ नत्रता संसारको उत्पत्तिदेखि नै उहाँले बारम्बार दुःख भोग्नुपर्नेथियो। तर यस युगको अन्त्यमा आफ्नै बलिद्वारा पाप हटाउनलाई उहाँ सधैँको**

**निम्ति एकै पल्ट प्रकट हुनुभएको छ। २७ जसरी मानिसको पापको निम्ति एक पटक मर्नु निश्चित छ, र त्यसपछि इन्साफ, २८ त्यसरी ख्रीष्ट पनि धेरै जनाका पाप बोक्नलाई एकै पल्ट बलि हुनुभयो, र उहाँ दोस्रो पल्ट देखा पर्नुहुनेछ, पाप बोक्नका निम्ति होइन, तर उत्सुकतापूर्वक उहाँको प्रतीक्षा गर्नेहरूका उद्धारको निम्ति।"**

उपरोक्त पदहरूले सुसमाचारको सार प्रस्तुत गरिएका छन्। विश्वास गर्नेहरूलाई ख्रीष्टले कस्तो किसिमका प्रतिज्ञाहरू उपलब्ध गराउनुभएको छ भनेर खुलासा गरिएका छन्। ख्रीष्ट नयाँ करारको मध्यस्थकर्ता भएर काम गरि रहनुभएको छ भनेर पद १५मा औंल्याइएको छ। उहाँको मृत्युले उहाँलाई विश्वास गर्नेहरूलाई अनन्त जीवनको उपहार दिनुभएको छ। उहाँलाई विश्वास नगरी पापमय जीवन यापन गर्न मनपराउनेहरूलाई अनन्तको मृत्युको सजायँ तोकिएको छ।

कुनै कुनै बाइबलको अनुवादमा पद १६ र १७लाई "करार" भन्ने शब्दको सट्टा "इच्छापत्र" वा "हकवालालाई दिने मञ्जुरनामा" भनेर उल्लेख गरिएको छ। यो लिखित इच्छापत्र हो। एउटै ग्रीक वा युनानी शब्द (सुरूको नयाँ करार लेखिएको भाषा) दुवै अनुवादको निम्ति प्रयोग गरिएको पाइन्छ। यसले हाम्रो निम्ति येशूको मृत्युको बारेमा अझ स्पष्ट पार्दछ। येशूबिना प्रत्येक पापीको मृत्युको माग करार वा मञ्जुरनामाले देखाउँछ। तर येशूलाई विश्वास गर्दा पापीको पापलाई ढाकिन सक्छ र ख्रीष्टको रगतले उसलाई चोखो पार्न सक्छ। अनि प्रत्येक विश्वासी जन ख्रीष्टको आगमनको निम्ति आत्तुरी भएर पर्खन सक्छ (हिब्रू ९:२८ रूपान्तरित)।

येशूको आगमनमा "अनि हामीलाई थाहा हुनेछ कि हामीहरूको आफ्नै धार्मिकता फोहरी थाङ्नाहरू हुन्। हामीहरूको पापलाई येशूको रगतले धोएर पखाली दिन्छ भन्ने आत्मज्ञान पनि थाहा पाउनेछौं र त्यही रगतको शक्तिले हामीहरूको हृदयलाई उहाँजस्तो हुन नविकरण हुनेछ।"-एलेन जी ह्वाइट, स्टेप्स टु क्राइस्ट, पृ. २९बाट रूपान्तरित।

**हामीहरूले भोग्नुपर्ने सजायँ परमेश्वर आफै येशू भएर भोग्नुभयो ताकि हामीहरूको पापबाट हामी उद्धार होऔं। त्यसले यथार्थमा परमेश्वरको स्वभावको बारेमा कस्तो चित्रण हामीलाई देखाइएको छ?**

**अनि हामीहरूको अवस्था जेसुकै भएतापनि वा जुनसुकै परिस्थितिमा हामी होमिनुपर्दा पनि अजम्मरी जीवनको निम्ति उहाँमाथी भरोसा राख्छौं भनेर कसरी मनमा राखीरहने?**

## ५. करारमा फाइदाहरू (एफिसी २:६)

करारमा तोकिएका आवश्यकताहरू पूरा गर्नुभन्दा अघि मानिसहरूले त्यसमा उल्लेख गरेका कबूलहरूको फाइदा अनुभव गरेका थुप्रै पाइन्छ। उदाहरणमा घर कर्जाको कुरा गरौं। घर किन्न कर्जा लिन्दा त्यो कर्जा तिर्नुभन्दा पहिले नै कर्जा लिने मानिसले घर किनेर त्यस घरमा बस्ने मौका पाएको हुन्छ। नागरिकले आफ्नो कर तिर्नु भन्दा अघि नै उसले सरकारका सेवाहरू उपभोग गर्न सक्दछ। त्यसरी नै भविष्यमा येशूसँग रहन पाउने वा भविष्यको पापरहित स्वर्गिय स्थानमा रहन पाउने अवसर पाउनु भन्दा अघि नै विश्वासीहरू परमेश्वरसँगको करारको फाइदा उठाउन सक्दछन्।

दश आज्ञाको बारेमा हामी एक छिन सोचौं। यदि मानिसहरूले ती आज्ञाहरूलाई पालन गरे कति दुःख र पिडाहरू भोग्नु नपर्ने हुन्छ। ती आज्ञाका मर्महरूलाई बेवास्ता गर्दा वा तोड्दा पाउने हृदयका चोटहरू कसले भोगेको छैन होला? अझ झन नराम्रो त परमेश्वरका आज्ञाहरूलाई कुल्चिदिंदा कुल्चिनेको मात्र होइन उसका वरिपरिरहेका आफन्तहरूले पनि पिडा भोग्नु परेको हुन्छ।

**येशू ख्रीष्टसँग नजिक रहेर उहाँको करारलाई पालन गर्दै जीउन सक्यौं भने हरके फाइदा पाउने रहेछ भनेर देहायका पदहरूले कसरी बताउँछन्, हेर्नहोस्ः २ कोरन्थी ४:१६-१८ " यसकारण हामी हरेस खाँदैनौं। हाम्रो बाह्य मनुष्यत्व नाश हुँदैगए तापनि हाम्रो आत्मिक मनुष्यत्वचाहिँ दिनदिनै नयाँ हुँदैजान्छ। १७ किनकि हाम्रो हलुको र क्षणभरको कष्टले हाम्रा निम्ति अतुलनीय तथा अनन्तको महान् महिमा तयार गरिरहेछ। १८ हामी दृश्य कुरालाई होइन, तर अदृश्य कुरालाई हेर्छौं, किनभने दृश्य कुरा क्षणिक हुन्छन्, तर अदृश्य कुराचाहिँ अनन्तसम्म रहन्छन्।", १ यूहन्ना ५:११-१३ " गवाहीचाहिँ यही हो, कि परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभयो, र यो जीवन उहाँका पुत्रमा छ। १२ जससँग पुत्र हुनुहुन्छ, त्यससँग जीवन छ, जससँग परमेश्वरका पुत्र**

**हुनुहुन्न, त्यससँग जीवन हुँदैन। १३ तिमीहरूले अनन्त जीवन पाएका छौ भन्ने कुरा जान भन्ने हेतुले परमेश्वरका पुत्रको नाउँमा विश्वास गर्ने तिमीहरूलाई यो पत्र लेख्दै छु।", फिलिप्पी १:६ " मलाई यो दृढ़ विश्वास छ, जसले तिमीहरूमा एउटा असल काम सुरु गर्नुभयो, उहाँले नै येशू ख्रीष्टको दिनमा त्यो पूरा गर्नुहुनेछ।" र यूहन्ना ५:२४ "साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ। त्यो न्यायमा आउँदैन, तर मृत्युदेखि त्यसले जीवनमा प्रवेश गरेको छ।"**

सुसमाचारलाई परिभाषित गर्न येशूले यूहन्नाको सुसमाचारको पुस्तकमा अत्यन्त कडा लवज प्रयोग गर्नुभएको छ। जसले उहाँलाई ग्रहण गर्छ त्यसले मृत्युबाट पार भएर जीवन पाइसकेको हुन्छ भनेर येशूले सबैलाई अवगत गराउनुभएको थियो (यूहन्ना ५:२४)। ख्रीष्टमा विश्वासीहरूले यस्तो आशावादी भएर सक्दछन् कि येशू बादलबाट आउनुभन्दा अघि नै स्वर्गिय स्थानहरूमा येशूसँग बसिरहेको अनुभव गर्न सक्दछन् रे! (एफिसी २:६)। (स्पष्ट भाषामा भन्ने हो भने विश्वासीहरू यस संसारमा बाँचिरहेकै बेलामा अजम्मरी जीवनको अनुभव गर्न सक्दछन्। नेपालका प्रसिद्ध नेवारी कवि हृदयचन्द्र सिहँ प्रधानले भन्नुभएको थियो, "मरेपछि स्वर्ग के काम?"। हो, येशू बिना गरिने धर्मकर्म गर्दा पाउने स्वर्गको के काम? प्रत्येक येशूभक्तलाई यो चुनौती छ कि स्वर्गको अनुभूति अहिले नै उसले पाएको हुनुपर्दछ। नत्र येशूले दिनुहुने अनन्त जीवनको वचन केवल कल्पवृक्ष्यको फल मात्र हुनेछ।—अनुवादकको प्रतिक्रिया)।

**स्वर्गमा येशूसँग बसी रहनुको अर्थ के हो भनेर कसैले तपाईंलाई सोध्यो भने तपाईं के भन्नुहुन्छ? एफिसी २:६लाई आधार बनाएर त्यसको जवाफलाई सोच्नुहोस्।**

## उपसंहारः

यस अध्यायमा उल्लेखित सन्देशललाई स्पष्ट पार्न एलेन जी ह्वाइटको पुस्तक *गड्स अमेजिङ्ग ग्रेसको* पृ. १३१-१३७को "द कभनेन्ट अभ ग्रेस" पढ्नुहोस्।

"परमेश्वरले अब्राहमसँग नविकरण गर्नुभएको करारमा यो प्रतिज्ञा गरिएको थियो "तिम्रा सन्तानहरूको कारण यस पृथ्वीका राष्ट्रहरूले आशिष पाउनेछन्।" (उत्पत्ति २२:१८)। त्यस प्रतिज्ञाले येशूलाई औँल्याएको थियो। अब्राहामले त्यो बुझेका थिए। पापको क्षमाको निम्ति उनले ख्रीष्टमा भरोसा राखेका थिए। अब्राहममा भएको त्यही विश्वासले गर्दा उनी धर्मी ठहरिएको परमेश्वरले मान्नु भएको थियो। जुन करार परमेश्वरले अब्राहमसँग बाँध्नु भएको थियो त्यसमा उहाँको दश आज्ञाको आधिकारिकता पनि गासिएको थियो।....

"अब्राहमसँग गरिएको करारमा ख्रीष्टको रगतले लालमोहर लगाइएको थियो। त्यो करार "दोस्रो" वा "नयाँ" भनिन्छ। पहिलो करारलाई रगतद्वारा द्वारा लालमोहर लगाएपछि यो दोस्रो करारलाई येशूको रगतद्वारा सिलबन्दी गरिएको थियो....।

"अनुग्रहको करार कुनै नयाँ सत्य होइन। परमेश्वरको दिमागमा यो सदासर्वदा थियो। त्यसैकारण त्यसलाई अनन्तको करार भनिएको हो.....।

"अब्राहमसँग बाँधिएको करारको दायरमा हामी आउनसक्यौं भने मात्र हाम्रो निम्ति आशा छ। त्यो करार हो येशू ख्रीष्टमा आस्था राखेर पाउने अनुग्रहको करार।"-एलेन जी. ह्वाइट, *द फेथ आई लिभ बाई,* पृ. ७५बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. मानव जीवनको निम्ति विश्रामबारको अपरिहार्यता देहायका पदहरूमा दिइएका छन्। तिनीहरूलाई पढेर त्यसको महत्त्वलाई तपाईंले के भन्नुहुन्छ? हेर्नुहोस् प्रस्थान ३१:६, यशैया ५६:४-६ र इजकिएल २०।

आ. काम वा कर्मको करार हो भनेर प्रायजसो अब्राहमसँग गरिएको पुरानो करारलाई मानिसहरूले हेर्दछन्। त्यो नयाँ भन्दा फरक छ भनेर पनि मानिसहरूले सोच्दछन्। दोस्रो करार अनुग्रको करार हो भनिन्छ। त्यो सोच किन गलत छ? पुरानो करार अर्थात् परमेश्वरले मानिससँग गर्नुभएको सम्झौता अनुग्रहको करार हो भनेर बाइबलका कुन् कुन् पदहरूले

प्रमाणित गर्दछन्? परमेश्वरसँग एक हुन वा पापबाट चोखो बन्न मानिसहरूको धर्मकर्म होइन तर उहाँको अनुग्रहले मात्र हो भनेर निरन्तररूपमा बाइबलले किन देखाउँदछ?

इ "अनन्तको करार" भनेर एफिसी १ले प्रयोग गरेको छैन। यद्यपि परमेश्वरले मानिससँग गर्नुभएको करार अनन्तको हो भनेर हामी कसरी बुझ्न सक्छौं?

ई विश्वव्यापी जलप्रलयले यस संसारलाई नाश गर्नुहुन्न भनेर परमेश्वरले प्रतिज्ञा गर्नुभएको थियो। इन्द्रेणीको प्रतिकले त्यो प्रतिज्ञा यथावत छ भनेर हामी जान्दछौं। तर यदि नोहाको पालामा भएको जलप्रलय केवल स्थानियमात्र थियो भने सारा संसारमा देखा पर्ने इन्द्रेणीको अर्थ के हो? त्यसले परमेश्वरको प्रतिज्ञाको कसरी पुष्टि गर्दछ? बिश्वब्यापी जलप्रलय केवल केही स्थानहरूमा मात्र भएको हो भन्ने तर्क बाइबलको सत्यमाथि आक्रमण भएको कसरी ठान्ने? नोहा पछि कतिपय देशका प्रान्तहरू जलमग्न भएको पाइरहेका छौं। यदि नोहाको पालामा भएको जलप्रलय केवल स्थानिय वा केही ठाँउहरूमा मात्र भएको हो भनेर विश्वास गर्ने हो भने परमेश्वरले गर्नुभएको इन्द्रेणीको करारको अर्थ के हुन्छ?